# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा
# चक्रघट्टी, सुनसरी
# १ नं प्रदेश

प. सं.: ०७७/०७८
च.नं. :-

# शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०२/१९**
**म्याद सकिने अन्तिम मिति २०७८/०३/२**

यस बराहक्षेत्र नगरपालिकाको पशु सेवा शाखाको आ व ०७७/०७८ को नगरसभा बाट स्वीकृत भेटेरिनरी ल्याव स्थापना गर्नको लागी प्राप्त स्पेशिफिकेसन बमोजिमको सामग्रीहरु खरिद गर्नु पर्ने भएकोले ईच्छुक आधिकारिक बिक्रेताहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ संशोधन नियमावली २०७६ अनुसार खरिद कार्य गर्न यो सुचनाको अधिनमा रही प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्धि दरभाउ पत्र पेश गर्न आव्हान गरीएको छ । विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेवसाईट www.barahamun.gov.np मा गई डाउनलोड गरी हेर्न वा नगरपालिकाको पशु सेवा शाखामा सम्पर्क गरी बुझन सकिने छ ।

**शर्तहरु:-**

१. दरभाउपत्र प्रति रु.१,०००।—(एकहजार रुपैया मात्र) फिर्ता नहुने गरि वराहक्षेत्र नगरपालिकाको आन्तरिक राजस्व खाता नं ०२२००१८२५३१२२ मा जम्मा गरि मिती २०७८/०३/०३ गते दिनको १२:०० बजे भित्र यस कार्यालयको वेबसाईट www.barahamun.gov.np गई डाउनलोड गरि शिलबन्दी दरभाउपत्रको फारम कार्यालयको पशु सेवा शाखामा पेश गर्नु पर्नेछ । दरभाउ पत्र फाराम खरिद गर्दा निवेदन साथ अध्यावधि (नविकरण) भएको फारमको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र (आ.व.२०७६/०७७ को) कर चुक्ता प्रमाण, आधिकारीक विक्रेताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ।
२. ल्यावको स्पेशिफिकेसन बमोजिम उपकरणहरुको आधिकारीक परिक्षण भई गुणस्तर चिन्ह प्राप्त हुनु पर्नेछ।
३.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन कार्यालय समय भित्र आन्तरिक राजश्व खातामा फारम दस्तुर तिरी खरिद गर्ने र १६ औ दिनको १२:००बजे सम्म उक्त दरभाउ पत्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिन ठिक २:००बजे यसै कार्यालयका प्रतिनिधि र बोलपत्र दाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, सो समयमा दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको उपस्थिती नभए पनि बोलपत्र खोलीनेछ।
४.दरभाउपत्र पेश गर्दा तपशिलको रकम बराहक्षेत्र नगरपालिकाको कार्यालयको नाममा रहेको मेगा बैङ्क लिमिटेड नेपाल चक्रघट्टी शाखामा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा जम्मा गरी सो बैंकको सक्कलै भौचर वा मान्यता प्राप्त बैङ्कको ९० दिन म्याद भएको बिडबण्ड सक्कलै दरभाउ पत्र साथ संलग्न गर्नु पर्नेछ।
५. दरभाउपत्र दाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वर्थ स्वघोषणा दरभाउपत्र साथ पेश गर्नु पर्ने छ।
६ दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्र दाताको फर्मको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले उल्लेख गरेको हुनुपर्ने छ।
७.प्राप्त दरभाउपत्र मध्ये सबैभन्दा कम कबोल गर्ने एउटै वा फरक फरक दरभाउपत्र स्वीकृत गर्न सकिने छ।

८. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने, घटी वा बढी अंङ्क वालालाई दिने वा नदिने सो सम्वन्धि सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

९. दरभाउपत्र शर्त रहित,केर मेट नभएको, कार्यालयले उपलब्ध गराएको फाराममा नै भरिएको, कुनै थप घट वा द्रष्टब्य नलेखेको हुनु पर्ने छ।

१०. समयमा प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कार्वाही हुने छैन।

११. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्म हरुले कामको सम्वन्धमा राम्रो संग बुझि दरभाउ पत्र भरेको हुनु पर्ने छ।

१२. दरभाउ पत्र भर्दा केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्दछ। अंक र अक्षरमा उल्लेख भएको दर रेटमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१३. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सो कार्यहरु हुनेछ।

१४. दरभाउपत्र दररेट उल्लेख गर्दा मु.अ.कर सहितको मुल्य उल्लेख गर्नु पर्नेछ।

१५. दर भाउ दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउ पत्र दाताको दरभाउ पत्र रद्द गरी कालो सुचीमा समावेस गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ। साथै निजको जमानत समेत जफत हुनेछ।

१६.नियमानुसार तिर्नु बुझाउनु पर्ने कर दस्तुर आदी दरभाउ पत्र पेश गर्ने फर्म/कम्पनी स्वयमले व्यहोर्नु पर्नेछ।

१७.एक फर्मको नाममा खरिद भएको दरभाउ पत्र फारम अर्को फर्मको नामना दाखिला गर्न पाईने छैन।

१८.दरभाउपत्र स्वीकृत भएपछि आवश्यकता अनुसार कार्यालयबाट आदेश दिइने छ र सो आदेश प्राप्त भएको ७ दिन भित्र उल्लेखित सामग्री उपलब्ध गराउनु पर्नेछ। बोल पत्र दाताले उपलब्ध गराएको सामग्री गुणस्तर हिन भएमा सामान फिर्ता गरिनेछ र सो को भुक्तानी गरीने छैन।

१९. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, नियमावली र प्रचलित कानुन अनुसार हुनेछ।

| सिन | ठेक्का नं. | खरिद गर्नु पर्ने सामग्रीहरुको नाम | लागत अनुमान | परिमाण थान सेट | दरभाउ पत्र खरिद गर्ने मिति र समय | दरभाउ पत्र दर्ता गर्ने मिति र समय | दरभाउ पत्र खुल्ने र समय | दरभाउ पत्र दस्तुर | धरौटी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४४/०७७/७८ | 1. Autoclave, vertical, Electric, 75L | 1500000।- (एकमुष्ट) | 1 | २०७८/०३/२ कार्यालय समय भित्र | २०७८/०३/३ दिनको १२ बजे सम्म | २०७८/०३/३ दिनको २ बजे सम्म | १००० | ४५००० |
| | | 2.Measuring cylinder | | 1 | | | | | |
| | | 3. Culture plate | | 1 | | | | | |
| | | 4. Culture media | | 1 | | | | | |
| | | 5. Methaylene blue | | 1 | | | | | |
| | | 6. Crystal violet | | 1 | | | | | |
| | | 7. Scalpel blade | | 1 | | | | | |
| | | 8. Potassium chromate | | 1 | | | | | |
| | | 9. Plain slide | | 1 | | | | | |
| | | 10. CMT paddle | | 1 | | | | | |
| | | 11. Loptop computer | | 1 | | | | | |
| | | 12. Incubator, 75 Litres | | 1 | | | | | |
| | | 13. Digital centrifuge (8-12 tubes) | | 1 | | | | | |
| | | 14. Laboratory Refrigerator (400 Litres) | | 1 | | | | | |
| | | 15. Hemoglobinometer | | 1 | | | | | |
| | | 16. Automatic Hematology cell counter (3 parts) | | 1 | | | | | |
| | | 17. Triconular Microscope Compound | | 1 | | | | | |
| | | 18. General Refrigerator (400 Litres) | | 1 | | | | | |

दरभाउ दाताको सहीः-

दरभाउपत्र दाताको नाम/थरः-

दरभाउपत्र दाताको स्थाई ठेगानाः-

दरभाउ पत्र दाताको सम्पर्क नं.-

दरभाउपत्र दाताको मु.अ.क./स्थाई लेखा नं.-

मितिः-

सम्वन्धित फर्मको छापः-